पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल।

☏: 067 – 411101, 067 – 411102
✉: info@paiyunmun.gov.np
🌐: www.paiyunmun.gov.np

# सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

*(प्रथम पटक प्रकाशित मिति: २०८१/१२/१५)*

पैयूँ गाउँपालिकाको निर्णयअनुसार पैयूँ गाउँ कार्यपालिकाको कार्यालय र पैयूँ आधारभूत अस्पतालमा विभिन्न पदमा खुल्ला प्रतिष्पर्धाबाट करारमा पदपूर्तीका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५(पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस कार्यालयको वेवसाइट www.paiyunmun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

| क्र.स | विज्ञापन नं | पद | तह | पद संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०८/२०८१-८२ | पशु चिकित्सक | अधिकृत (छैटौ) | १ | १०००।- |
| २ | ०९/२०८१-८२ | हेल्थ असिस्टेन्ट | सहायक(पाँचौ) | १ | ७००।- |
| ३ | १०/२०८१-८२ | अ.हे.ब. | सहायक(चौथो) | १ | ५००।- |
| ४ | ११/२०८१-८२ | अ.न.मी. | सहायक(चौथो) | १ | ५००।- |
| ५ | १२/२०८१-८२ | व्याक हो लोडर अपरेटर | सहायक(दोश्रो) | १ | ५००।- |

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता:**
- **पशु चिकित्सक** पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट वि.भि.एस्सी एण्ड ए.एच. वा डि.भि.एम. वा सो सरह उत्तीर्ण ।
- **हेल्थ असिस्टेन्ट** पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण ।
- **अ.हे.ब** पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.ब. वा सि.एम.ए. उत्तीर्ण ।
- **अ.न.मी.** पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण ।
- **लोडर अपरेटर** पदको लागि व्याक हो लोडर चालकको अनुमतिपत्र प्राप्त गरेको ।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएको व्याक्तिको हकमा ४० बर्ष ननाघेको ।

२. **दरखास्त दिने अन्तिम मिति:** २०८१/१२/२९ गते कार्यालय समय सम्म ।

३. **छनौटको किसिम:** पैयूँ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७५ अनुसार (सक्षिप्त सूची प्रकाशन, लिखित र अन्तर्वार्ता) (विज्ञापन नं. १२/२०८१-८२ को हकमा अन्तर्वार्ता मात्र)

४. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजात:** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि र न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र
ख) नेपाल बाहेक अन्य मुलुकका शिक्षण संस्थामा अध्ययन गरेको हकमा समकक्षताको कागजात
ग) २ प्रति पासपोर्ट साइजको फोटो

५. **सेवा सुविधा:** नेपाल सरकारले स्थानीय तहको कर्मचारीहरुका लागि तोकेको तलब सुविधा उपलब्ध हुनेछ।

६. ईमेलबाट आवेदन दिन चाहने आवेदकहरुले यस कार्यालयको कृषि विकास बैङ्क, हुवास, पर्वतमा रहेको आन्तरिक राजश्व खाता नं ०३१८५०१५०८४०१०७६ मा अनुसुची २४ फारम (राजश्व शीर्षक नं. १४२२४) भरी आवेदन दस्तुर जम्मा गरी सो भौचर, आवश्यक कागजातको स्क्यान प्रतिलिपि समेत संलग्न गरी कार्यालयको ईमेल ठेगाना info@paiyunmun.gov.np मा पठाउन सकिनेछ।

७. **थप जानकारीको लागि:**, ९८४६६२७२७६, ९८५७६३०५१४ (विज्ञापन नं ९/२०८१-८२, १०/२०८१-८२ र ११/२०८१-८२ को लागि), ९८६५९५०७९४ (विज्ञापन नं ८/२०८१-८२ को लागि) मा सम्पर्क गर्न सक्नुहुनेछ।

जिवन गैर
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - ३

(बुँदा ४.२ सँग सम्बन्धित दरखास्त फारामको ढाँचा)

पैयूँ गाउँ कार्यपालिकको कार्यालय

हुवास,पर्वत

गण्डकी प्रदेश, नेपाल

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले |

## <u>करारको लागि दरखास्त फाराम</u>

(क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्ग: |
| | नागरिकता नं: | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./गा.वि.स. | ग) वडा नं | |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | च) फो नं. | |
| पत्राचार गर्ने ठेगाना : | | | ईमेल | |
| बाबुको नाम, थर : | | जन्म मिति : (वि.सं.मा) (ईस्वि संवतमा) | | |
| बाजेको नाम, थर : | | | हालको उमेर : वर्ष महिना | |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| **आवश्यक न्यूनतम योग्यता** | **विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था** | **शैक्षिक उपाधि/तालिम** | **संकाय** | **श्रेणी/प्रतिशत** | **मूल विषय** |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

**(ग) अनुभव सम्बन्धी विवरण**

| **कार्यालय** | **पद** | **सेवा/समूह/उपसमूह** | **श्रेणी/तह** | **स्थायी/अस्थायी/करार** | **अवधि** | |
|---|---|---|---|---|---|---|
| | | | | | **देखि** | **सम्म** |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| **उम्मेदवारको ल्याप्चे सहीछाप** | | **उम्मेदवारको दस्तखत** |
|---|---|---|
| **दायाँ** | **बायाँ** | |
| | | **मिति:** |
| कार्यालयले भर्नेः | | |
| रसिद/भौचर नं. : | | रोल नं. : |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति : | |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि, (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्य (इन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स)को प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।